# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
## Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

मिति: २०७३।०४।०७

## प्रेश विज्ञप्ती

ओ.टि.सि. बजार कारोबार शूल्कमा व्यापक कटौती (९० प्रतिशतसम्म)।

ओभर द काउन्टर बजार (ओ.टि.सि. बजार) संचालन सम्बन्धी विनियमावली, २०६५ बमोजिम सो बजारमा कारोबार हुन नसकिरहेको अवस्थामा बोर्डबाट मिति २०७२।०९।०६ मा श्री कम्पनी रजिष्ट्रारको कार्यालयलाई पत्र लेखी ओ.टि.सि. बजारमा कारोबार हुन सक्ने कम्पनी सम्बन्धी जानकारी गराउँदै उक्त कार्यालयमा दर्ता भएका तर सूचीकरण नभएका पब्लिक लिमिटेडका कम्पनीका धितोपत्रकहरुको कारोबार हुने व्यवस्थाका लागि पत्राचार गरे पश्चात कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल स्टक एक्सचेन्ज लि. समेतको सक्रियतामा हाल ओ.टि.सि बजार अगाडि बढिरहेको छ।

यद्यपि उक्त बजारमा कारोबार शुरुवात भएपश्चात विद्यमान शुल्क उच्च भएको सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ लगायतका सरोकारवालापक्षहरुबाट प्राप्त गुनासोहरुलाई दृष्टिगत गरी प्रारम्भिक अवस्थामा रहेको ओ.टि.सि. बजारलाई प्रोत्साहन गर्न कारोबार शुल्क प्रोत्साहनमुलक कटौती गरी पुनरावलोकनका लागि पेश गर्न नेपाल स्टक एक्सचेञ्ज लि. लाई निर्देशन दिइएकोमा नेप्सेबाट प्राप्त शुल्क पुनरावलोकन प्रस्ताव बोर्डमा पेश भएकोमा बोर्डलाई बुझाउनु पर्ने शुल्क यथावत राखी अन्य शुल्क देहाय अनुसार ८५ प्रतिशत देखि ९० प्रतिशत सम्म घटाउने गरी स्वीकृति प्रदान गरेको छ।

| कारोबार रकम | धितोपत्र बजारलाई बुझाउनु पर्ने सेवा शुल्क (नयाँ) | धितोपत्र बजारलाई बुझाउनु पर्ने सेवा शुल्क (पुरानो) | घटाइएको प्रतिशत |
|---|---|---|---|
| रु. २५,०००।- सम्म | ०.२० प्रतिशत | २ | ९० प्रतिशत |
| रु. २५,००१।- देखि रु. ५०,०००।- सम्म | ०.१८ प्रतिशत | १.५ | ८८ प्रतिशत |
| रु. ५०,००१।- देखि माथि | ०.१५ प्रतिशत | १ | ८५ प्रतिशत |

हालको शुल्कको कटौतीले ओ.टि.सि बजार क्रियाशील भई समष्टिगत पुँजीबजार अभिवृद्धि हुने बोर्डको अपेक्षा रहेको छ।

(निरज गिरी)
प्रवक्ता